## मिति २०७८।०४।२१ गते बसेको विहादी गाउँकार्यपालिका बैठको निर्णयहरु

**निर्णयहरु :**

**निर्णय नं. १ :** आर्थिक वर्ष ०७८।०७९ का लागि विभिन्न निर्माण सामाग्रीहरु, ज्याला दर, ढुवानी दर लगायत विभिन्न विधाहरुको दररेट सम्बन्धमा विस्तृत छलफल हुँदा पर्वत जिल्लाको आ.व. ०७८।०७९ का लागि स्विकृत भएको जिल्ला दररेट लाई नै यस विहादी गाउँपालिका अन्तर्गत पनि लागु हुने गरि स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** आर्थिक वर्ष २०७८।०७९ का लागि विहादी गाउँपालिकाको क्षेत्र अन्तर्गत पर्ने कालिगण्डकी नदीका देहाय अनुसारका नाकाहरुवाट नेपाल सरकारवाट जारी भएको ढुंगा, गिटी, बालुवा उत्खनन तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ बमोजिम यस कार्यालयवाट खटाईएका प्राविधिकहरुले पेश गरेको स्थलगत प्रतिवेदन र IEE ले सिफारिस गरे अनुसारको परिमाणमा ठेक्का खोल्ने निर्णय गरियो । साथै विक्रि दररेटको हकमा गण्डकी प्रदेश कानुनले निर्धारण गरेको दरलाई नै आधार मानि ठेक्का बन्दोवस्ती गर्ने निर्णय गरियो ।

**देहाय :**

१. गाईथुने बगर - ९४५ घनमिटर

२. दुर्लाङ बगर - १६८७.५ घनमिटर

३. पिपलपाटा बगर - १६३५ घनमिटर

४. रानीपानी इमिचौर बगर नाका - ७४२.५ घनमिटर

५. छयांग कुमालगाउँ - ४४२५ घनमिटर

६. जिंगलिंग बगर - १०२३.७५ घनमिटर

७. गोलाङ्ग बगर नाका - २०२२ घनमिटर

**निर्णय नं. ३ :** यस विहादी गाउँपालिकामा आन्तरिक लेखापरीक्षक नभएकाले आर्थिक वर्ष २०७७।०७८ को आन्तरिक लेखापरीक्षण कोष तथा लेखा नियन्त्रक कार्यालय, कुश्मा, पर्वतबाट गराउने निर्णय गरियो ।

**मिति २०७८।०४।२१ गते बसेको गाउँकार्यपालिकाको बैठकको निर्णय प्रमाणित**

विहादी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बहाकोठाँटी, पर्वत
गण्डकी प्रदेश, नेपाल
२०७३

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत

ध्रुव दयाल
प्रमुख प्रशासकीय अधिकृत
प्रमाणिकरण मिति : २०७८।०४।२२